गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
प्रादेशिक स्वास्थ्य निर्देशनालय
**प्रदेश जनस्वास्थ्य कार्यालय, बागलुङ**

*मासिक*

# जनस्वास्थ्य बुलेटिन

वर्षः ३ | अंकः ३० | महिनाः ३० | आषाढ २०८२

**प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङको आ.व. २०८१/८२ को वित्तीय प्रगति**

| कार्यक्रम | विनियोजित बजेट (रु. हजारमा) | खर्च | वित्तीय प्रगति |
|---|---|---|---|
| प्रदेश समानीकरण तर्फ- चालु | २८८०८०००.०० | २२९०६८४३.२९ | ७९.५२ |
| प्रदेश समानीकरण तर्फ- पुँजीगत | २००००००.०० | १४६५४९१.१३ | ७३.२७ |
| परिवार कल्याण कार्यक्रम | २२५७६०००.०० | १२६०९११२.५० | ५५.८५ |
| स्वास्थ्य व्यवस्थापन कार्यक्रम | २०६००००.०० | १०७९६४८.०० | ५२.४१ |
| उपचारात्मक सेवा कार्यक्रम | १५०००००.०० | १००६९९४.०० | ६७.१३ |
| नर्सिंग तथा सामाजिक सुरक्षा सेवा कार्यक्रम | ३१३६०००.०० | १७४३६८३.०० | ५५.६० |
| महामारी रोग नियन्त्रण कार्यक्रम | २०००००.०० | ५०८००.०० | २५.४० |
| एड्स तथा यौन रोग नियन्त्रण | ११००००.०० | ४३१००.०० | ३९.१८ |
| राष्ट्रिय स्वास्थ्य शिक्षा सुचना तथा संचार केन्द्र | ३०००००.०० | ९२८१२.०० | ३०.९४ |
| क्षयरोग नियन्त्रण | २६००००.०० | १९१०९८.०० | ७३.५० |
| **जम्मा** | **६०९५००००.००** | **४११८९५८१.९२** | **६७.५८** |

गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
प्रादेशिक स्वास्थ्य निर्देशनालय
**प्रदेश जनस्वास्थ्य कार्यालय, बागलुङ**

# प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङद्वारा असार महिनामा सम्पादित कार्यक्रम

## मातृ तथा नवशिशु स्वास्थ्य सम्बन्धि अनसाइट कोचिङ

प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङको आयोजनामा बड़ीगाड गाउँपालिकाको समन्वयमा ग्वालीचौर स्वास्थ्य चौकीमा बर्थिङ सेन्टरमा कार्यरत कर्मचारीहरुको लागि मिति २०८२/०२/०३ देखि ०५ गते सम्म ३ दिने मातृ तथा नवशिशु स्वास्थ्य सम्बन्धि अनसाइट कोचिङ तथा स्थलगत अनुशिक्षण कार्यक्रम सम्पन्न भएको छ । सेवा प्रवाहका लागि संस्थामा भएका ग्याप पत्ता लगाइ गुणस्तरिय सेवा प्रवाह गर्नका लागि यस कार्यक्रमले मार्गनिर्देश गर्ने अपेक्षा सहित यस कार्यक्रमको सहजिकरण प्रदेश जनस्वास्थ्य कार्यालयका जनस्वाध्य निरिक्षक लक्ष्मी शर्मा र बुर्तिवाङ अस्पतालका अस्पताल नर्सिङ निरिक्षक पार्वती अर्याल ज्यूले गर्नुभएको थियो ।

प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङ का कार्यालय प्रमुख घनश्याम सापकोटा ज्यूको अध्यक्षतामा संचालन भएको उक्त कार्यक्रममा स्वास्थ्य शाखाका लगायत स्वास्थ्यकर्मीहरुको उपस्थिति रहेको थियो ।

















# प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङद्वारा असार महिनामा सम्पादित कार्यक्रम

## खानेपानी स्वच्छता सरसफ़ाई तथा स्वास्थ्यजन्य फोहर व्यवस्थापन सम्बन्धी अन्तरक्रिया समिक्षा र योजना नमूना विकास कार्यक्रम

प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङको आयोजना र गलकोट नगरपालिकाको समन्वयमा मिति २०८२/०३/१२ गते खानेपानी स्वच्छता सरसफ़ाई तथा स्वास्थ्यजन्य फोहर व्यवस्थापन सम्बन्धी अंतर्क्रिया समिक्षा र योजना नमूना विकास कार्यक्रम संपन्न भएको छ ।




खानेपानी स्वच्छता र स्वास्थ्य जन्य फोहर सम्बन्धी ऐन नियमावली ले व्यवस्था गरेका बिषय स्वास्थ्य जन्य फोहर व्यवस्थापन प्रक्रिया र वासफिट को बारेमा छलफल गर्दई लेखाजोखा गरी संस्थाको सरसफाईको अवस्थाको मूल्यांकन गर्नका लागी सहजिकरण गरिएको थियो।

कार्यक्रम प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङका प्रमुख घनश्याम सापकोटा ज्यूको अध्यक्षता प्रमुख अतिथि नगर प्रमुख भरत शर्मा ग़ैरे, नगर उप प्रमुख फमलाल निउरे प्रमुख प्रशासकीय अधिकृत घनश्याम गौतम विशिष्ट अतिथि लगायत वार्ड अध्यक्ष, स्वास्थ्य संस्था प्रमुखहरू र अन्य सरोकारवाला हरूको उपस्थितिमा भएको थियो ।




उक्त कार्यक्रम ग़लकोट नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख पारस पंगेनीले संचालन गर्नु भएको थियो भने प्रदेश जनस्वास्थ्य कार्यालयका ज.स्वा.नि. लक्ष्मी शर्मा र पारस पंगेनीले सहजिकरण गर्नुभएको थीयो ।





## प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङद्वारा असार महिनामा सम्पादित कार्यक्रम

### पारिवारिक स्वास्थ्य प्रोफाइलको प्रारम्भिक नतिजा सार्वजनिकीकरण

प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङको आयोजना एवम काठेखोला गाउँपालिकाको समन्वयमा मिति २०८१/०३/११ मा काठेखोला गाउँपालिकामा पारिवारिक स्वास्थ्य प्रोफाइलको प्रारम्भिक नतिजा सार्वजनिकिकरण गरिएको छ।

उक्त कार्यक्रम काठेखोला गाउँपालिकाका सामाजिक विकास समितिका अध्यक्ष श्री खडक थापाको अध्यक्षता रहेको थियो भने काठेखोला गाउँपालिकाका अध्यक्ष श्री राजु थापाको प्रमुख आतिथ्यता एवं प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङका प्रमुख श्री घनश्याम सापकोटाको आतिथ्यता रहेको थियो। कार्यक्रमको संचालन काठेखोला गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख श्री सोमराज पाण्डेयले गर्नुभएको थियो भने सहजिकरण कार्य प्रदेश जनस्वास्थ्य कार्यालयका जनस्वास्थ्य अधिकृत श्री समिता घिमिरेले गर्नुभएको थियो। सहजिकरणमा प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङका जनस्वास्थ्य निरिक्षक श्री लक्ष्मी शर्मा एवम सिनियर मलेरिया इन्स्पेक्टर श्री कमला थापाले सहयोग गर्नुभएको थियो।







स्वास्थ्यकर्मिद्वारा घरघरमा गई संकलन गरेको जनसांख्यिक एवम स्वास्थ्य सम्बन्धी तथ्यांकलाई वेब बेस्ड पोर्टलमा राखी आवश्यकता अनुसार अक्सर बसोबास, उमेर समूह, स्वास्थ्य बिमा, अपाङ्गता, पूर्ण खोप लगायत स्वास्थ्यका अरु सुचक समावेश गरिएको छ। स्वास्थ्यकर्मीद्वारा संकलन गरिएको तथ्यांकको गुणस्तर सुधार तथा अध्यावधिक गर्दै लैजानु आजको आवश्यकता रहेको छ। पारिवारिक स्वास्थ्य प्रोफाइल मार्फत संकलन गरिएको तथ्यांकले आवश्यकता अनुसार स्वास्थ्य सेवाको नीति निर्माण गर्न एवम स्वास्थ्य सम्बन्धी सुचकका लक्ष प्राप्त गर्न मद्दत गर्ने विश्वास गरिएको छ।

## खोप सेवा संचालन तथा सरसफाई प्रवर्द्धनमा संलग्न स्वास्थ्यकर्मीको लागि २ दिने पुनर्ताजगी तालिम

प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङको आयोजनामा राष्ट्रिय खोप कार्यक्रम अन्तर्गत खोप सेवा संचालन तथा सरसफाई प्रवर्द्धनमा संलग्न स्वास्थ्यकर्मीको लागि संचालित २ दिने पूर्नताजगी तालिम सम्पन्न भएको छ । स्वास्थ्यकर्मीहरुलाई नयाँ खोप तथा खोप कोल्डचेन, ए.ई.एफ.आइ. व्यवस्थापन तथा सर्भीलेन्स सम्बन्धी जानकारी गराउनुको साथै खोप सेवामा संलग्न स्वास्थ्यकर्मीहरुलाई पुर्नताजगी तालिम प्रदान गरि दक्षता बृद्घि तथा सो सम्बन्धमा ज्ञानसीप अध्यावधिक गराई खोप सेवालाई गुणस्तरीय र प्रभावकारी बनाउने उदेश्य अनुरुप कार्यक्रम संचालन भएको थियो ।

बागलुङ नगरपालिकामा ५ ब्याच र ढोरपाटन नगरपालिकामा २ ब्याच गरी जम्मा ७ ब्याचमा संचालित उक्त पुनर्ताजगी तालिममा बागलुङ जिल्लाको सबै नगरपालिका र गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थामा कार्यरत १८९ जना स्वास्थ्यकर्मीहरुको सहभागीता रहेको थियो ।















## खोप तथा कोल्डचेन व्यवस्थापन, खोपबाट बचाउन सकिने रोगको महामारी व्यवस्थापन र सर्भीलेन्स सम्बन्धि सिकाई आदान प्रदान



स्वास्थ्य निर्देशनालय धनकुटा, कोशी प्रदेशबाट खोप तथा कोल्डचेन व्यवस्थापन, खोपबाट बचाउन सकिने रोगको महामारी व्यवस्थापन र सर्भीलेन्स सम्बन्धि सिकाई आदान प्रदानको लागि प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङलाई गन्तव्य बनाई पाल्नुहुने स्वास्थ्य निर्देशनालयका उप-सचिव आदरणीय श्री सोमनाथ अधिकारी, खोप अधिकृत भरत भण्डारी लगायत सम्पूर्ण खोप अधिकृत एवं खोप फोकल पर्सन, कोल्डचेन अधिकृत एवं कोल्डचेन फोकल पर्सन तथा सम्पूर्ण सर म्यामहरुसँग सिकाई तथा अनुभव आदानप्रदान गर्नुको साथै सम्पूर्णलाई हार्दिक स्वागत एवं अवलोकन भ्रमण सफलताको हार्दिक शुभकामना ।





# बागलुङ जिल्लास्थित विभिन्न स्थानीय तहद्वारा असार महिनामा सम्पादित कार्यक्रम

## बागलुङ नगरपालिका

- पोषण मैत्री स्वास्थ्य संस्थाको स्वास्थ्यकर्मीहरूको लागि अभिमुखीकरण कार्यक्रम।
- पोषण तथा खाद्य सुरक्षा निर्देशन समितिको पालिका स्तरीय अभिनिकीकरण बैठक।
- वडा स्तरीय पोषण तथा खाद्य सुरक्षा समितिको अभिन्नकीकरण बैठक।
- शंकास्पद क्षयरोगीको खकार परीक्षण कार्यक्रम।
- क्षयरोग मुक्त पालिका अन्तर्गत एआइ एक्सरेबाट क्षयरोगको स्क्रिनिङ शिविर।
- बाग्लुङ नगरपालिकाको बजार क्षेत्रमा डेङ्गु रोगको लामखुट्टेको बासस्थान खोज र नष्ट गर अभियान।
- प्रदेश जन स्वास्थ्य कार्यालयको सहयोगमा खानेपानी सरसफाई र स्वच्छता सम्बन्धी सरोकारवालाहरुलाई अभिमुखीकरण कार्यक्रम।
- स्वास्थ्य संस्थाहरूको न्यूनतम सेवा मापदण्ड मूल्याङ्कन ।
- विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम, आमा समूहको बैठक ।

## गलकोट नगरपालिका

- खानेपानीको गुणस्तर परीक्षण तथा उपभोक्ता समितिहरूलाई अभिमुखीकरण।
- न्यूनतम सेवा मापदण्ड कार्यक्रम अन्तर्गत उत्कृष्ट स्वास्थ्य संस्थाहरूलाई, सम्मान तथा पुरस्कार वितरण।
- विद्यालयस्तरीय स्वास्थ्य शिक्षा कार्यक्रम सञ्चालन।
- बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत पाँच वर्षमुनिका बालबालिकाको पोषण लेखाजोखा।
- सुनौलो हजार दिनका आमाहरूलाई पोषण सम्बन्धी अभिमुखीकरण।
- महेन्द्र मा वि को कक्षा ८, ९ र १० का विद्यार्थीहरूलाई योग, ध्यान तथा शारीरिक व्यायाम कार्यक्रम (जीवन विज्ञानसँगको सहकार्यमा)।
- RoUSG सेवा सञ्चालन ।

## जैमिनी नगरपालिका

- किशोर किशोरी लक्षित बिद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम सम्पन्न ।
- क्षयरोग कार्यक्रमको अर्धवार्षिक समिक्षा।
- जुनोटिक रोग र AMR सम्बन्धि स्वास्थ्यकर्मीलाई पैरवी।
- गर्भवतीको गर्भको जटिलता पत्ता लगाउन RUSG सेवा संचालन ।




## ढोरपाटन नगरपालिका

- eLMIS,DHIS-२ एवम प्रशासन व्यवस्थापन सम्बन्धी अन्साइट कोचीङ।
- बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत सेनेटरी प्याड बनाउने २ दि
- ने तालिम, बिधालयमा सन्चालित क्यन्टिन सन्चालकहरुको लागि दिवा खाजा बनाउने सम्बन्धी २ दिने तालिम,बिधार्थिका अभिभावकहरुको लागि पत्रु खाना नियन्त्रणका लागि अभिमुखिकरण, बाल बिबाह नियुनिकरण सम्बन्धि बाल कल्बका पदाधिकारिहरुलाइ अभिमुखिकरण।
- सुप्राङ बर्थिङ सेन्टर स्थापना तथा पैरवी कार्यक्रम।
- गर्भबतीको गर्भको जटिलता पत्ता लगाउन RUSG सेवा संचालन ।
- गाडिखोला आधारभुत स्वास्थ्य सेवामा ल्याब स्थापना
- किशोरकिशोरी कक्ष एवम स्तनपान कक्ष स्थापना
- समुदाय स्तरमा "साथ" कार्यक्रम सन्चालन ।

| निसिखोला गाउँपालिका | बडीगाड गाउँपालिका |
|---|---|

**निसिखोला गाउँपालिका**

- पोषण मैत्री स्वास्थ्य को लागि समिति चयन गरियो ।
- हजार दिनका आमाहरुलाई सामुदाय स्तरमा अभिमुखिकरण सम्पन्न ।
- स्वास्थ्य संस्थाहरुको पानी जाच गरियो ।
- किशोरकिशोर तथा महिनाबारी कार्यक्रम सम्प्नन गरियो ।
- कुडुला समुदायिक स्वास्थ्य इकाइ स्थापना ।
- निसेलढोर सामुदायिक स्वास्थ्य बर्थिङ सन्टर स्थापना।
- क्षयरोग सम्बन्धी विधालय स्वास्थ्य शिक्षा प्रदान गरि यस आ.व लाइ सम्पन्न गरियो ।

**बडीगाड गाउँपालिका**


- एकिकृत जनस्वास्थ्य अभियान कार्यक्रम ।
- सुनौला १००० दिनका आमाहरुलाई पोषणा बिशेष कार्यक्रम समन्धी अभिमुखिकरण ।
- खानेपानीको गुणस्तर परीक्षण ।
- न्यूनतम सेवा मापदण्ड कार्यक्रम ग्वालिचौर स्वास्थ्य चौकी ।
- पोषण कार्यक्रमको स्वास्थ्य संस्था स्तरिय स्थलगत अनुशिक्षण ।

**काठेखोला गाउँपालिका**

- स्वास्थ्यकर्मी तथा सरोकारवालाहरुका लागि AMR सम्बन्धी अभिमुखिकरण कार्यक्रम संचालन गरीएको।
- क्षयरोग मुक्त पालिका कार्यक्रम अन्तर्गत तंग्राम स्वास्थ्य चौकी वडा नं ४ मा क्षयरोग पत्ता लगाउनका लागि ए आइ एक्सरेबाट स्क्रिनिङ शिविर संचालन गरि २४५ जनालाई सेवा प्रदान गरीएको।
- जनप्रतिनिधी, स्वास्थ्यकर्मी तथा सरोकारवालाहरुका लागि डेंगु तथा किटजन्य रोगहरुको अभिमुखिकरण कार्यक्रम सम्पन्न गरीएको।
- पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको वडा स्तरिय अभिमुखिकरण कार्यक्रम संचालन गरीएको ।
- प्रदेश जनस्वास्थ्य कार्यालयको सहयोगमा पालिकास्तरीय खानेपानी सरसफाइ र स्वच्छता सम्बन्धी अभिमुखिकरण कार्यक्रम संचालन गरीएको ।
- प्रदेश जनस्वास्थ्य कार्यालयको सहयोगमा भिमापोखरा स्वास्थ्य चौकीमा MNH Onsite Coaching कार्यक्रम संचालन गरीएको ।
- पाला, भीमापोखरा, धम्जा, तंग्राम, बिहुँ, लेखानी स्वास्थ्य चौकी र बिहुँ आ स्वा स्व से मा RUSG कार्यक्रम संचालन गरीएको।
- धम्जा, रेश स्वास्थ्य चौकी र बिहुँ आ स्वा से के मा स्याटेलाइट क्याम्प संचालन गरीएको ।

**बरेङ गाउँपालिका**

- गाजा डेभलपमेन्ट फाउन्डेसन सङ्गको सहकार्यमा धुल्लुबाँस्कोट स्वास्थ्यचौकी संचालन तथा व्यवस्थापन समितिको क्षमता अभिवृद्धि तालिम
- स्वास्थ्यकर्मीहरुको लागि अक्सिजन सिलिन्डरको प्रयोग र व्यवस्थापन सम्बन्धि अभिमुखीकरण
- बाटाकाचौर स्वास्थ्यचौकीमा किशोरकिशोरी मैत्री स्वास्थ्य सेवा सम्बन्धि अभिमुखीकरण
- हुग्दिशिर स्वास्थ्यचौकी बाट सुरक्षित गर्भपतन सेवा सुचारु
- थपलुङ सामुदायिक स्वास्थ्य इकाईमा घुम्ती मासिक मासिक बैठक तथा सिकाइ आदानप्रदान कार्यक्रम सम्पन्न।



- विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम अन्तर्गत पोषण, किशोर किशोरी शिक्षा साथै एच.आइ.भी./एड्स र सम्बन्धी कक्षा संचालन गरीएको।

| तमानखोला गाउँपालिका | ताराखोला गाउँपालिका |
| --- | --- |
| • स्वास्थ्य संस्थाहरूद्वारा सम्पादित कार्यक्रमहरुको मासिक समीक्षा<br>• किशोरकिशोरी मैत्री स्वास्थ्य सेवाको अभिमुखिकरण कार्यक्रम<br>• किशोरीहरुको रक्त अल्पता स्कृनिङ<br>• खानेपानीको गुणस्तर परीक्षण<br>• बिपन्न तथा बालगृहमा रहेका बालबालिकाहरुको निशुल्क स्वास्थ्य बीमा गरिएको । | • IMNCI स्थल गत अनुशिक्षण कार्यक्रम सम्पन्न<br>• PNC घरभेट कार्यक्रम,<br>• वृद्धि अनुगमन गरिएको,<br>• असारे मेलामा पोषण प्रदर्शनी तथा प्राथमिक उपचार शिविर सञ्चालन<br>• गाउँघर तथा खोप क्लिनिक सञ्चालन<br>• प्रसासनिक लगाएत बाँकी कार्यक्रमको भूक्तानी सम्पन्न |